देवचुली नगरपालिका

स्थानीय राजपत्र

खण्ड: ६ **सख्या: १**

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८१/०३/१३

प्रमाणिकरण मिति २०८१।०३।१२

स्वीकृत मिति २०८१।०३।०७

भाग १

आर्थिक ऐन, २०८१

प्रस्तावना : देवचुली नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयनको लागि स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम देवचुली नगरपालिकाको नगरसभाले यो ऐन जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम देवचुली नगरपालिकाको "**आर्थिक ऐन २०८१"** रहेको छ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि देवचुली नगरपालिका क्षेत्रभित्र लागु हुनेछ।

देवचुली नगरपालिका राजपत्र

२. सम्पत्ति कर : देवचुली नगरपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम नगरपालिका क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुलउपर गरिने छ । भौतिक संरचनाको मूल्याङ्कन अनुसूची-२ अनुसार, घरको बनोटको आधारमा ह्रासकट्टी अनुसूची-३ र जग्गाको मूल्याङ्कन अनुसूची-४ अनुसार गरिने छ ।

३. भूमिकर : देवचुली नगरपालिका क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमी बाहेकमा अनुसूची-५ बमोजिम भूमिकर (मालपोत) लगाई असुलउपर गरिने छ ।

४. बहाल कर : देवचुली नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, सेड, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा लगाई हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पत्ति बहालमा दिइएकोमा अनुसूची-६ बमोजिम बहाल कर लगाई असुलउपर गरिने छ ।

५. व्यवसाय कर : १ देवचुली नगरपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति संघसंस्था वा निकायलाई व्यवसायिक प्रकृति, आर्थिक कारोवार, स्थान विशेष र लगानीका आधारमा अनुसूची-७ बमोजिम व्यवसाय कर लगाई असुलउपर गरिने छ । त्यसरी व्यवसाय कर असुल गर्दा बैङ्क तथा वित्तीय संस्था र सुपर मार्केटहरुको हकमा प्रत्येक कारोबारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिने छ ।

६. जडीबुटी कवाडी र जीवजन्तु कर : देवचुली नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीबुटी, बनकस, कवाडी माल र अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता बस्तुको व्यावसायिक कारोबार गरेबापत अनुसूची-८ बमोजिमको कर लगाई असुलउपर गरिने छ ।
तर प्रचलित कानुनले निषेध गरिएकाको हकमा भने उल्लिखित व्यवस्था लागु हुने छैन ।

७. सवारी साधन कर : प्रदेश सरकारले तोकेबमोजिम बाँडफाँडबाट नगरपालिकालाई प्राप्त हुने सवारी साधन करको आम्दानी बाँधिने छ ।

८. विज्ञापन कर: देवचुली नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-९ बमोजिमको दरमा विज्ञापन कर लगाई असुलउपर गरिने छ ।

९. मनोरञ्जन कर : देवचुली नगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा प्रदेश सरकारले तोकेको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिने छ ।

१०. बहाल बिटौरी शुल्क : देवचुली नगरपालिका क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा सञ्चालन गरेका वा विशेष मेला पर्वमा अनुसूची-१० मा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाई असुलउपर गरिने छ ।

११. ट्रेकिङ र र्याफ्टिङ शुल्क : देवचुली नगरपालिका क्षेत्रभित्र ट्रेकिङ र र्याफ्टिङ सेवा वा व्यवसाय सञ्चालन गरेबापत नगरकार्यपालिकाले निर्णय गरे बमोजिम शुल्क लगाई असुलउपर गरिने छ।

१२. सेवाशुल्क दस्तुर : देवचुली नगरपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची-११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएबमोजिम शुल्क लगाई असुलउपर गरिने छ।

१३. पर्यटन शुल्क : देवचुली नगरपालिकाले तोकेको स्थानहरुमा पर्यटक प्रवेश गर्दा राजस्व समितिको सिफारिसमा नगरकार्यपालिकाले तोके बमोजिम शुल्क लगाइने छ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१४. विक्री तथा निकासी शुल्क : (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खाजिजन्य बस्तुहरुको विक्री गर्न सक्ने छ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सीमाक्षेत्र भन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बाह्य निकासीमा निकासी शुल्क लगाउन सक्ने छ।

(३) नगरपालिकाले नगरपालिका क्षेत्रभित्र उत्पादित अन्य जुनसुकै उत्पादित सामानहरु बाह्यक्षेत्रमा विक्री वितरण गर्नकालागि निकासी गरेमा निकासी शुल्क लगाउन सक्ने छ।

(४) उपदफा (१), (२) र (३) बमोजिम नगरपालिकाले गर्ने विक्री तथा लगाउने निकासी शुल्कको दर अनुसुची -१२ मा तोकिए बमोजिम हुने छ।

(५) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने बस्तु उपकरण तथा सामानहरु लिलामविक्री गर्न सक्नेछ।

(६) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्ने छ।

(७) उपदफा १ बमोजिमका बस्तुहरु विक्री तथा उपदफा २ र ३ बमोजिमका निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउपत्र वा डाँक बढाबढको माध्यमबाट गरिने छ।

८) विक्री तथा निकासी शुल्क पूर्ण रुपमा कार्यान्वयन नआउँदा सम्म एकमुष्ट व्यवसाय कर लागाई कार्यान्वयन समेत गर्न सकिनेछ।

१५ घरजग्गा रजिष्ट्रेशन शुल्क : देवचुली नगरपालिका क्षेत्रभित्रका घरजग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क प्रदेश कानुनले तोके बमोजिम हुने छ।

१६. नक्सा पास दस्तुर : नगरपालिका क्षेत्रभित्र निर्माण हुने संरचनाको नक्सा पास गर्दा लाग्ने दस्तुर अनुसुची १३ बमोजिम लगाइने छ।

१७. सरसफाई शुल्क : नगरपालिका क्षेत्रभित्र सरसफाई सेवा दिए वापतको सरसफाई शुल्क अनुसुची १४ बमोजिम हुनेछ।

१८. कर छुट : बार्षिक रुपमा तिर्नुपर्ने सम्पत्ति तथा भूमिकर (मालपोत), व्यवसाय कर सोही आर्थिक वर्षको असोज मसान्तभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने करमा दश प्रतिशत छुट दिइने छ।

१९. दण्ड जरिवाना : (१) सम्पत्ति कर, भूमि कर, व्यवसाय कर र बहाल करमा हालसम्मको वक्यौता रकम असोज मसान्तसम्ममा दाखिला गरेमा कुनै जरिवाना लाग्नेछैन। सो पश्चात वक्यौता रकममा प्रतिवर्ष १० प्रतिशत जरिवाना लाग्नेछ।

(२) नगरपालिकामा दर्ता नभई संचालनमा भएका उद्योग तथा व्यवसायहरुलाई समेत उपदफा (१) बमोजिम जरिवाना असुल उपर गर्न सकिनेछ।

(३) नगरकार्यपालिकाले निर्णय भएका अन्य प्रशासनिक दण्ड जरिवाना र जफत सोही निर्णय वा निर्देशिका बमोजिम असुल उपर गरिने छ।

२०. विभाज्य कोष सम्बन्धी व्यवस्था : नगरपालिकाले प्रचलित कानुनबमोजिम संकलन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने प्रकृतिका राजस्वहरु यस कोषमा जम्मा गरी तोकिएबमोजिम बाँडफाँड गरिने छ।

२१. प्रचलित कानुन बमोजिम हुने : यस ऐनमा उल्लेख गरिएका विषयमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा नगरपालिकाको राजस्व ऐन २०८० तथा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

२२. कार्यविधि बनाउन सक्ने : ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्ने छ।

२३. वाधा अड्काउ फुकाउ : यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा देवचुली नगरपालिका नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहने छ।

अनुसूची १				
सम्पत्ति करको दर				
भवन र जग्गाको मुल्य	**जम्मा मूल्य**	**दर**	**कर रु**	**जम्मा रु**
पहिलो शुरुको रु १ करोडमा	१ करोड	०.०२५	२५००	२५००
त्यसपछिको रु. १ करोडमा	२ करोड	०.०५	५०००	७५००
त्यसपछिको रु. १ करोडमा	३ करोड	०.०७५	७५००	१५०००
त्यसपछिको रु. १ करोडमा	४ करोड	०.१	१००००	२५०००
त्यसपछिको रु. १ करोडमा	५ करोड	०.१५	१५०००	४००००
त्यसपछिको रु. १ करोडमा	६ करोड	०.२	२००००	६००००
त्यसपछिको रु. २ करोडमा	८ करोड	०.३	३००००	९००००
त्यसपछिको रु २ करोडमा	१० करोड	०.४	४००००	१३००००
त्यसपछि जतिसुकै भएपनि	१० करोड भन्दा माथि	०.५		
नोट- जग्गाको मुल्याङ्कन मालपोत मुल्याङ्नलाई आधार मानि निर्धारण गरिने छ।				

अनुसुची-२		
भौतिक संरचनाको मुल्याङ्कन रकम		
क्र.सं.	**भौतिक संरचनाको विवरण**	**मुल्याङ्कन रकम प्रति वर्गफिट**
१	नक्सा पास/अभिलेखीकरण नभएका आर.सि.सी घर	२५००
२	नकसा पास/अभिलेखीकरण भएका आर.सि.सी. घर	२०००
३	व्यापारिक ट्रस/टहरा	१५००
४	आवासिय ट्रस/टहरा	५००
५	कच्ची घर इट्टा सिमेन्टको प्रयोग भएको	५००
६	कच्ची घर ढुङ्गा माटोको प्रयोग भएको	३००
७	अन्य वर्ग नखुलेका भवन संरचना	१०००

अनूसुची-३			
भौतिक संरचनाको ह्रासकट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि			
भवनको बनोट र सोमा कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति अनुसार हने छ। यसको गणना देहायबमोजिम गरिने छ।			
क्र.सं.	**भवनको प्रकार/बनोट**	**बार्षिक ह्रास**	**ह्रासकट्टी अवधी**
१	नक्सा पास/अभिलेखीकरण नभएका आर.सि.सी घर	दुइ प्रतिशत	५० वर्ष
२	नकसा पास/अभिलेखीकरण भएका आर.सि.सी. घर	दुइ प्रतिशत	५० वर्ष

३	व्यापारिक ट्रस/टहरा	दुइ प्रतिशत	२५ वर्ष
४	आवासिय ट्रस/टहरा	दुइ प्रतिशत	२५ वर्ष
५	कच्ची घर इट्टा सिमेन्टको प्रयोग भएको	दुइ प्रतिशत	२० वर्ष
६	कच्ची घर ढुङ्गा माटोको प्रयोग भएको	दुइ प्रतिशत	२० वर्ष
७	अन्य वर्ग नखुलेका भवन संरचना	दुइ प्रतिशत	२० वर्ष

अनूसुची-४

सम्पत्ति कर प्रयोजनका लागि जग्गाको मुल्याङ्कन रकम

क्र.सं.	**विवरण**	**मुल्याङ्कन रकम प्रतिकट्ठा**
क	**साविक देवचुली गा.वि.स. अन्तर्गतका जग्गा**	
१	पिठौली गा.वि.स. अन्तर्गत हाल देवचुली किर्तिपुरको जग्गा	१३५०००
२	मुण्डे जाने पीच बाटोको दायावायाँका जग्गा	१०७००००
३	सो बाहेकका अन्य पीच बाटो	८७५०००
४	ग्रावेल बाटो	८०००००
५	कच्ची बाटो	४०००००
६	बाटो नभएको	१७५०००
७	साविक पिठौली हाल देवचुली मुण्डे बजार क्षेत्र	८८००००
ख	**साविक प्रगतीनगर गा.वि.स उल्लेख भएका जग्गाहरु**	
	वडा नम्बर १क ख ग २क ख ३क ख ग का जग्गाहरु	
१	राजमार्गमा पर्ने	४९६००००
२	राजमार्गलाई छोई उत्तर दक्षिण खोलिएको पिच बाटो	३१७००००
३	दलदले मुण्डे बाटोमा पर्ने जग्गा	२३७००००
४	सो बाहेकका अन्य पीच बाटो	१९३६०००
५	ग्रावेल बाटो	१३६००००
६	कच्ची बाटो	८८००००
७	बाटो नभएको	२१००००
ग	**वडा नम्बर ४क अन्तर्गतका जग्गा**	
१	दलदले मुण्डे बाटोमा पर्ने जग्गा	२३१००००
२	सो बाहेकका अन्य पीच बाटो	१९३६०००
३	ग्रावेल बाटो	१३६००००
४	कच्ची बाटो	८०००००
५	बाटो नभएको	२१००००

घ	**वडा नम्बर ४ख र ४ग अन्तर्गतका जग्गा**	
१	पीच बाटो	१२०००००
२	ग्रावेल बाटो	१०२००००
३	कच्ची बाटो	८०००००
४	बाटो नभएको	२१००००
ङ	**वडा नम्बर ५क ख र ६क अन्तर्गतका जग्गा**	
१	दलदले मुण्डे बाटोमा पर्ने जग्गा	२३०००००
२	सो बाहेकका अन्य पीच बाटो	१९३६०००
३	ग्रावेल बाटो	११५५०००
४	कच्ची बाटो	६६५०००
५	बाटो नभएको	२१००००
च	**वडा नम्बर ६ख ७क ख र ८क ख अन्तर्गतका जग्गा**	
१	पीच बाटो	१२०००००
२	ग्रावेल बाटो	९७००००
३	कच्ची बाटो	७१५०००
४	बाटो नभएको	२१००००
छ	**वडा नम्बर ८ग ९क ख र घ अन्तर्गतका जग्गा**	
१	पीच बाटो	६६५०००
२	ग्रावेल बाटो	५०००००
३	कच्ची बाटो	४३५०००
४	बाटो नभएको	१६००००
ज	**वडा नम्बर ९ग अन्तर्गतका जग्गा**	
१	मुण्डे जाने पीच बाटोको दायावायाँका जग्गा	२१०००००
२	सो बाहेकका अन्य पीच बाटो	१०५००००
३	ग्रावेल बाटो	७२५०००
४	कच्ची बाटो	६४००००
५	बाटो नभएको	२१००००
झ	**साविक सिसवार उल्लेखित जग्गाहरु**	
झ	**वडा नम्वर १ १क ग ३क ख ४क ख ग घ ५क ख ग घ ६क ख ग घ ङ ७क ख ग मा पर्ने जग्गाहरु**	
१	राजमार्गलाई छुने जग्गा	३८७५०००
२	राजमार्गलाई छोई उत्तर दक्षिण खोलिएको पिच बाटो	२८६००००
३	सो बाहेकका अन्य पीच बाटो	२५३००००
४	ग्रावेल बाटो	१८७००००

५	कच्ची बाटो	१०७५०००
६	बाटो नभएको	३३००००
ञ	**सो वडा बाहेक अन्य सवै भित्रि बाटोमा पर्ने जग्गा**	
१	पीच बाटो	१३७५०००
२	ग्रावेल बाटो	१०७५०००
३	कच्ची बाटो	७२५०००
४	बाटो नभएको	२१००००
ट	**सिसवार ९ग बारकोल अन्तर्गतको जग्गा/**	
१	बाटो भएको	२७५०००
२	बाटो नभएको धनहरतर्फ	१४००००
३	बाटो नभएको भीट तर्फ	९००००
ठ	**रजहर गामा पर्ने जग्गा .स.वि.**	
१	राजमार्गमा पर्ने	३८२००००
२	राजमार्गबाट खोलिएको उत्तरदक्षिण पीचबाटोमा पर्ने	२३१००००
ड	**उल्लेखित बाटो बाहेको अन्य जग्गा**	
१	पीच बाटो	१३६००००
२	ग्रावेल बाटो	९७००००
३	कच्ची बाटो	५७००००
४	बाटो नभएको	२१००००
	नोट यसमा आ.व. २०८०।०८१ मालपोत कार्यालयको मुल्याङ्कन रकम राखिएको छ।	

अनूसूची ५		
भूमि करको दररेट		
क्र.सं.	**जग्गाको वर्ग**	**दर प्रतिकठ्ठा रु**
१	क- सिँचाई व्यवस्था भएको खेत	८०
२	ख- सिँचाई व्यवस्था नभएको खेत	६०
३	ग- भिर/पाखो/बारी	४०
४	घ-अन्य वर्ग नखुलेको	५०
५	ङ- घडेरी वजार क्षेत्र	५००
६	च- घडेरी ग्रामिण क्षेत्र	२००

अनूसुची - ६		
बहाल करको दर		
क्र.सं.	**विवरण**	**दर**
१	घर बहालकर भवन/टहरा	१० प्रतिशत
२	जग्गा बहाल कर व्यापारिक प्रयोजन	१० प्रतिशत
३	जग्गा बहाल कर कृषी प्रयोजन	२ प्रतिशत
	नोटः घर वा जग्गा भाडा दर स्वघोषणा र नगरपालिकाले तोकेको दरमा जुन बढी छ त्यसलाई नै आधार मानिने छ।	

अनूसुची - ७		
आ.व. २०८१।०८२ का लागि स्वीकृत व्यवसाय करका दर		
क्र.सं.	**कर शिर्षक**	**दर**
जुनसुकै व्यवसाय नयाँ दर्ताका लागि		
१	**होटल /लज तर्फ**	
क	रिसोर्ट २० लाख सम्म लगानी	६६००
	रिसोर्ट २० लाख भन्दा माथि ५० लाख सम्म लगानी	८८००
	रिसोर्ट ५० लाख भन्दा माथि लगानी	११०००
ख	होटल क श्रेणीको लज सहित	३३००
ग	होटल ख श्रेणीको	१७००
घ	होम स्टे प्रतिवेड	११०
ङ	तारे होटल	५००००
च	चलचित्र प्रदर्शनी	२५०००
छ	ट्राभल र ट्रेकिङ एजेन्सी २५ लाख पुँजी	१००००
ज	ट्राभल र ट्रेकिङ एजेन्सी २५ लाख भन्दा धैरै पुँजी	१५०००
२	**रेष्टुरेन्ट एण्ड वार**	
क	दोहोरी डान्स वार	५०००
ख	क श्रेणीको रेष्टुरेन्ट	२५००
ग	ख श्रेणीको रेष्टुरेन्ट	१७००
घ	फुड ल्याण्ड/फुड मार्ट	२२००
ङ	होटल स्वीमिङ पुल	५०००
च	क्यासिनो	१०००००
छ	विविध मनोरञ्जन सेवा	५०००
ज	सफारी	५०००

३	**पार्टी प्यालेस/ क्याटरिङ**	
क	पार्टी प्यालेस	५०००
ख	क्याटरिङ	२५००
ग	टेण्ट	२५००
४	**मदिरा पसल/पेय पदार्थ/सुर्तीजन्य पदार्थ**	
क	मदिरा आयातकर्ता	१५०००
ख	डिस्ट्रिव्युटर मदिरा	१००००
ग	डिलर/थोक पसल	६६००
घ	खुद्रा पसल	२८००
ङ	हल्का पेय पदार्थ डिलर	३३००
च	हल्का पेय पदार्थ खुद्रा	१७००
छ	सुर्ती पदार्थ आयातकर्ता	१००००
ज	सुर्ती पदार्थ डिलर	८०००
झ	सुर्ती जन्य पदार्थ खुद्रा	१७००
ञ	सुर्ती जन्य पदार्थ होलसेल	२८००
५	**चिया/मिठाई पसल/ फाष्ट फुड तर्फ**	
क	सवै प्रकारका मिठाई पाइने ठुला पसल	२२००
ख	सवै प्रकारका मिठाई पाइने मझौला पसल	२२००
ग	फाष्ट फुड क्याफे	१०००
घ	साधारण चिया पसल	१०००
६	**स्टेशनरी तथा पुस्तक पसल/फोटो स्टुडियो**	
क	स्टेशनरी तथा पुस्तक डिस्ट्रिव्युटर	२२००
ख	स्टेशनरी तथा पुस्तक थोक	२२००
ग	स्टेशनरी तथा पुस्तक खुद्रा	१७००
घ	पुस्तक छापाखाना	३३००
ङ	मुद्रण सामाग्री खरिद विक्री तथा कापी उद्योग	२२००
च	फ्लेक्स प्रिन्ट	२२००
छ	फोटोकपि फ्याक्स लेमिनेशन	२२००
ज	कलर ल्याव	२२००
झ	फोटो स्टुडियो	१७००
ञ	भिडियो ग्राफि व्यवसाय	१७००
ट	खेलकुद म्युजिकल सामान विक्री पसल	३०००
७	**किराना पसल तर्फ**	
क	होलसेल ठूला पसल	३३००

ख	मझौला पसल	२२००
ग	साना पसल	१०००
घ	मिनि मार्ट	४४००
ङ	विज्नेस मार्ट कम्प्लेक्स	१००००
च	मार्ट ४००० बर्गफिट सम्म	५०००
८	**डिपार्टमेन्टल अन्य**	
क	डिपार्टमेन्टल स्टोर	८३००
ख	पूजा सामाग्री	२२००
ग	पूजा सामाग्री धातुका बस्तु समेत	३०००
घ	कस्मेटिक थोक	२२००
ङ	कस्मेटिक खुद्रा	११००
च	ब्युटिपार्लर	२२००
छ	व्युटी पार्लर प्रशिक्षण सहित	५०००
ज	सैलुन पसल	३३००
झ	पान पसल खुद्रा सामान सहित	१०००
ञ	पान पसल विशुद्ध	१०००
ट	सुनचाँदी पसल	४४००
ठ	प्लेटेड गहना	२५००
९	**पेट्रोलियम पदार्थ तर्फ**	
क	पेट्रोल र डिजल पम्प	८३००
ख	डिजल पम्प/पेट्रोल मात्र	५८००
ग	मट्टितेल	२८००
१०	**स्वास्थ संस्था तर्फ**	
क	नीजी अस्पताल/गैह्र सरकारी अस्पताल	५५००
ख	नर्सिङ होम इन्टिच्युड रहित	५५००
ग	पोलि क्लिनिक	५५००
घ	क्लिनिक डाक्टर परामर्श सहित	५५००
ङ	चस्मा पसल आँखा जाँच सहित	२८००
च	क्लिनिक ल्याव सहित	३३००
छ	डेन्टल क्लिनिक	२८००
ज	क्लिनिक प्राक्टिनर्स सहित	२८००
झ	चस्मा पसल	२२००
ञ	ल्याव/एक्सरे	२८००
ट	आयुर्वेदिक औषधी पसल/ कविराजको क्लिनिक	१७००

ड	जडिबुटी हर्वल खरिद प्शोधन बिक्री	३३००
ढ	एग्रोभेट	२८००
११	**इलेक्ट्रिक / इलेक्ट्रोनिक्स**	
क	इलेक्ट्रिक डिलर	४४००
ख	इलेक्ट्रिक पसल श्रेणी क	३३००
ग	इलेक्ट्रिक पसल श्रेणी ख	१७००
घ	सौर्य उर्जा पार्टस विक्री तथा मर्मत	३३००
ङ	मोवाइल डिलर	५०००
च	मोवाइल पसल	२८००
छ	इलेक्ट्रोनिक्स सामान थोक	५०००
ज	कम्प्युटर तथा कम्प्युटर सामान विक्री	५०००
झ	डिस होम टि.भि. फ्रिज वासिङ मेसिन ग्याँस चुल्हो खुद्रा	४०००
ञ	घडी रेडियो क्यामरा साना इलेक्ट्रोनिक्स खुद्रा	२८००
ट	ग्याँस सिलिन्डर	४५००
ठ	ग्याँस सिलिन्डर खुद्रा	१७००
१२	**शिक्षा क्षेत्र निजी शिक्षा क्षेत्र**	
क	आधारभूत विद्यालय १-५	१००००
ख	आधारभूत विद्यालय १-८	१५०००
ग	माध्यामिक विद्यालय	२००००
घ	उच्च माध्यामिक विद्यालय	३००००
ङ	क्याम्पस	२८००
च	कक्षा थप माध्यामिक तह	१२०००
छ	कक्षा थप आधारभूत तह १-८	१००००
ज	कक्षा थप आधारभूत तह १-५	८०००
झ	पुर्व बालशिक्षा/शिशु स्याहार	४५००
ञ	प्राविधिक शिक्षालय	५५००
ट	ड्राइभिङ इन्ट्रिच्युट	५५००
ठ	एजुकेशन कन्सल्टेन्सी/ट्यूसन /भाषा प्रशिक्षण	५५००
ड	प्रशिक्षण तालिम अनुसन्धान केन्द्र	५५००
ढ	कम्प्युटर इन्ट्रिच्युट	४४००
ण	होस्टेल प्राइभेट	५५००
१३	**बैङ्क तथा फाइनाइन्स कम्पनी तर्फ**	
क	वाणिज्य बैङ्क मुख्य कार्यालय	३५०००
ख	वाणिज्य बैङ्क शाखा कार्यालय	३००००

ग	विकास वैङ्क मुख्य कार्यालय	३००००
घ	विकास वैङ्क शाखा कार्यालय	३००००
ङ	फाइनाइन्स कम्पनी मुख्य कार्यालय	२५०००
च	फाइनाइन्स कम्पनी शाखा कार्यालय	२५०००
छ	आर्थिक कारोवार शेयर कारोवार वा अन्य आर्थिक कारोवार गर्ने इन्भेष्टमेन्ट कम्पनी	२००००
ज	शेयर रजिस्टार गर्ने कार्यालय सेक्युरिजिज कम्पनी	१००००
झ	वीमा कम्पनी/शाखा	३००००
ञ	रेमिट्यान्स/मनी एक्चेन्जर	३०००
ट	लघुवित्त	२५०००
ठ	सहकारी तर्फ	
अ	बचत तथा ऋण कारोबार बहुउद्येश्यीय लगायतका सहकारी संस्था	
-	५ करोड सम्मको कारोबार	५०००
-	१० करोड सम्मको कारोबार	१००००
-	२० करोड सम्मको कारोबार	१५०००
-	५० करोड सम्मको कारोबार	२००००
-	५० करोड भन्दा माथिको कारोबार	२५०००
-	कृषि तथा दुग्ध सहकारीको हकमा मात्र	३०००
-	कृषि सहित बचत तथा ऋण कारोबार गर्ने कृषि सहकारीको हकमा	५०००
आ	कृषी सहकारी	०.१०%
इ	दुग्ध उत्पादक सहकारी	०.०५%
ई	वचत तथा ऋण सहकारी	०.२०%
१४	**कुटानी/पिसानी /पेलानी तर्फ**	
क	कुटानी/पिसानी /पेलानी विक्री सहित	२८००
ङ	मसला कुटानी पिसानी	११००
१५	**निर्माण सँग सम्बन्धित**	
क	हार्डवयर डिलर	१६५००
ख	हार्डवयर पसल	६६००
घ	सिसा प्लाइ सन्माइका	४४००
ङ	गिट्टि ढुङ्गा इट्टा बालुवा डिपो तथा विक्री	८३००
च	निर्माण समाग्री इट्टा वालुवा रोडा सम्पर्क कार्यालय	५०००
छ	अन्तराष्ट्रिय निर्माण व्यवसायी एवं परामर्शदाता	२५०००
ज	निर्माण व्यवसाय क वर्ग	२५०००
झ	निर्माण व्यवसाय ख वर्ग	२००००

ञ	निर्माण व्यवसाय ग वर्ग	१५०००
ट	निर्माण व्यवसायी भ्याट/प्यान दर्ता घ वर्ग	१००००
ठ	निर्माण व्यवसायी भ्याट/प्यान नवीकरण घ वर्ग	५०००
ड	निजी ठेकेदार	३३००
ण	बाथरुम एक्सेसेरिज एण्ड सेनेटरी	५५००
१६	**भवन निर्माण सम्बन्धी ठेक्कापट्टा**	
क	सटरिङ	२२००
ख	बार बेन्डिङ	२२००
ग	टाइल मार्वल	५५००
घ	रंग रोगन	३३००
ङ	प्लम्विङ	१७००
च	इलेक्टिसियन वाइरिङ	१७००
छ	कारपेन्ट्री	१७००
ज	डकर्मी ठेक्का	१७००
झ	ट्रान्सपोर्ट ढुवानी सेवा	३३००
ञ	भवन निर्माण सम्बन्धी सम्पूर्ण ठेक्कापट्टा	३३००
१७	**उद्योग तर्फ**	
क	**सि.जि इन्ड्रस्टियल पार्क अन्तर्गत**	
१	सि.जि. फुड्स नेपाल प्रा.लि.	२००००००
२	सि.जि. ब्रुअरी नेपाल प्रा.लि.	२००००००
३	सि.जि. प्रिन्ट एण्ड पेकेजिङ	१००००००
४	सि.जि. परफेक्ट व्लेन्ड नेपाल प्रा.लि.	१००००००
५	सि.जि. इलेक्ट्रोनिक्स प्रा.लि.	५०००००
ख	**अन्य ठुला उद्योग तर्फ**	
१	क्रसर उद्योग	५०००००
२	मदिरा डिस्टिलरी उद्योग	२५००००
३	इट्टा उद्योग	१०००००
४	जाली उद्योग	६०५००
५	इलेक्ट्रिक इट्टा उद्योग	२००००
६	अक्सिजन ग्याँस उद्योग	२५०००
७	मविल उद्योग	७५०००
८	पानी उद्योग	१००००
९	प्रिमिक्स/असफाल्ट उद्योग	५००००
१०	रेडिमिक्स	३००००

११	इलेक्ट्रिक स्वीच उद्योग	११०००
१२	वाइरिङ पाइप उद्योग	११०००
१३	जिप्सन उद्योग	११०००
	आर्थिक ऐनमा उल्लेख नभएका उद्योगहरुको राजस्व राजस्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गर्नेछ।	
ग	**साना उद्योग**	
१	गेवियन जाली हातले बुनेका	११०००
२	बेकरी/पाउरोटी उद्योग	३३००
३	अचार/अगरबत्ती तथा मैनबत्ती उद्योग	११००
४	बरफ आइसक्रिम उद्योग	२८००
५	गार्मेन्ट उद्योग	४४००
६	सिमेन्ट ब्लक कंक्रिट	७७००
७	सिरक डसना कपास उद्योग	२८००
८	ग्रील सटर उद्योग ठूला	६६००
९	ग्रील सटर उद्योग साना	३३००
१०	आल्मुनियम उद्योग	३३००
११	युपिभिसी उद्योग	३३००
१२	जुत्ता चप्पल उद्योग सामान्य	२८००
१३	जुत्ता चप्पल उद्योग कारखाना	५५००
१४	खाद्यन्न उद्योग	६६००
१५	डेरी उद्योग	२२००
१६	ह्याचरी उद्योग	११०००
१७	दाना उद्योग	११०००
१८	पापड उद्योग	२८००
१९	चाउमिन/ चाउचाउ उद्योग	२८००
२०	दालमोठ भुजिया नमकिन	२८००
२१	सुनचाँदी गरगहना निर्माण	२८००
२२	ज्यासल वा आरन राखी काँस तामा पित्तल लगायतका धातुजन्य भाँडा जन्य निर्माण	२८००
२३	फर्निचर उद्योग	८३००
२४	स-मिल/फर्निचर उद्योग शोरुम सहित	१३२००
२५	स-मिल फर्निचर उद्योग सहित	१६५००
२६	सावुन सरफ उद्योग	६६००
२७	हस्तकला उत्पादन	११००

२८	सेनटरी प्याड उत्पादन	११००
२९	प्लाष्टिक उद्योग	२२०००
३०	ग्याँस उद्योग	३३०००
३१	मोविल प्रशोधन उद्योग	५५००
३२	वैकल्पिक उर्जा उत्पादक उद्योग	५०००
३३	आल्मुनियम कन्टेनर/पेपर प्लेट	५०००
३४	दुना टपरी उद्योग	१०००
३५	चक्लेट उद्योग	२५००
१८	**अन्य पसल हरु**	
क	फलफुल तथा तरकारी थोक	२८००
ख	फलफुल तथा तरकारी खुद्रा	१७००
ग	माछा मासु पसल थोक	२८००
घ	माछा मासु पसल खुद्रा	१७००
ङ	प्रशोधित मासु जन्य विक्री	३०००
च	गल्ला तथा खाद्यन्न खरिद	४४००
छ	गल्ला तथा खाद्यन्न खुद्रा	२५००
ज	खेलौना गिफ्ट तथा उपहार सामाग्री पसल थोक	२८००
झ	खेलौना गिफ्ट तथा उपहार सामाग्री पसल खुद्रा	१७००
ञ	फुलमाला सजावट	२५००
ट	होम डेकोर	४४००
ठ	फेन्सी विविध पसल	२८००
ड	फेन्सी कपडा पसल	२८००
ढ	कपडा तथा फाइवर स्टोर्स	४०००
ण	थान कपडा पसल कुर्ता सुरवाल साडी पसल	२८००
त	भाँडा पसल धातुजन्य	२८००
थ	भाँडा पसल प्लाष्टिक जन्य	१७००
द	पेन्टिङ आर्ट पसल	११००
ध	दुध दही घिउ पनिर विक्री गर्ने पसल	११००
न	अदुवा अम्रिसो खरिद विक्री गर्ने पसल	५५००
प	ड्राइ क्लिनर्स	१७००
फ	जुत्ता चप्पल विक्री गर्ने होलसेल पसल	२८००
ब	जुत्ता चप्पल विक्री गर्ने खुद्रा पसल	१७००
भ	सटिङ सुटिङ सिलाइ पसल कपडा विक्री सहित	२८००
म	सटिङ सुटिङ सिलाइ पसल मात्र	१७००

य	सियो धागो टाँक इमब्रोडरीका सामान सर्टिङ सुटिङका सामानहरु	३०००
र	लुगा सिउने मेसिन बिक्री गर्ने पसल	३०००
व	एक्वोरियम विक्री पसल	५०००
श	व्याण्ड बाजा पञ्चेवाजा र नौमती वाजा	१७००
ष	साउण्ड सिष्टम	२२००
स	अण्डा पसल	११००
१९	**अन्य व्यापार व्यवसाय**	
क	कृषी तथा पशुपालन संयुक्त	१७००
ख	गाई भैसी वाख्रा पालन व्यवसाय	११००
ग	आधुनिक पशु बद्यशाला	३०००
घ	मौरी पालन व्यवसाय	११००
ङ	बंगुर पालन	११००
च	माछा पालन व्यवसाय	११००
छ	पोल्ट्री फर्म	
-	५०० सम्मको कुखुरा संख्या	१०००
-	१००० सम्मको कुखुरा संख्या	११००
-	१००० भन्दा धेरै कुखुरा संख्या	१७००
-	टिकट बुकिङ काउन्टर	११००
-	विज्ञापन ऐजेन्सी व्यवसाय	१७००
-	केवुल कार सञ्चालन व्यवसाय	८३००
-	साइवर क्याफे	१७००
ज	इन्टरनेट सेवा प्रदायक व्यवसाय	
-	१००० सम्म ग्राहक संख्या	२५०००
-	१००१ देखि २००० सम्म ग्राहक संख्या	३५०००
-	२००० भन्दा बढी ग्राहक संख्या	५००००
झ	जुत्ता चप्पल मर्मत	१०००
ञ	नर्सरी व्यवसाय	११००
ट	कवाडी खरिद बिक्री	५५००
ठ	जिम हाउस	२८००
ड	स्कुनर	२८००
ढ	टेलिफोन टावर	५५००
ण	एफ एम रेडियो स्थापना सञ्चालन	५५००
त	लेखापढी व्यवसाय	३३००
थ	ठेला व्यवसाय रिक्सा स्थान फिक्स भएको हकमा मात्र	१०००

द	मेकानिकल ग्याँस वेल्डिङ	१७००
ध	ई-रिक्सा	११००
न	रियल स्टेट एण्ड हाउजिङ प्रा.लि.	११०००
प	घरजग्गा खरिद विक्री सम्पर्क कार्यालय	५०००
फ	पुल हाउस	५५००
ब	फन पार्क	५५००
भ	कुरियर व्यवसाय	११००
म	अनलाइन व्यवसाय दर्ता	११००
य	अनलाइन न्युज	५०००
र	व्यवसायको सम्पर्क कार्याल	५०००
ल	सरसफाइ सेवा व्यवसाय	२५००
व	धार्मिक परामर्श सेवा (पाठपूजा समेत)	२८००
स	घुम्ती व्यवसाय	१७००
	यसमा उल्लेखित बाहेक पूँजी लगानी रकम रु ५ लाख सम्मका व्यवसायलाइ रु १००० र २० लाख सम्म पुँजी भएकालाइ रु २००० कर लिने ।	
२०	**सवारी साधन मर्मत संभार/विक्री**	
१	**विद्युतीय सवारी साधन विक्री सोरुम**	५०००
क	साइकल विक्री तथा मर्मत	२२००
ख	साइकल पार्टपुर्जा तथा मर्मत	११००
ग	मोटरसाइकल/पावर टेलर/ई-रिक्सा विक्री	४४००
घ	पार्टपुर्जा तथा मर्मत	२२००
ङ	मोटरसाइकल वर्कशप	१७००
च	हलुका सवारी	
छ	शो रुम	८३००
ज	पार्टपुर्जा तथा मर्मत	४४००
झ	मर्मत मात्र	२२००
२	**हेभी सवारी इक्वीपमेण्ट**	
क	हेभी इक्वीपमेन्ट मर्मत केन्द्र	१०००००
ख	शो रुम	१३२००
ग	पार्ट पुर्जा तथा मर्मत	५५००
घ	मर्मत मात्र	२८००
ङ	बडी विल्डर सवै	८३००
च	डेन्टिङ पेन्टिङ सवै	२८००

३	**टायर**	
क	शो रुम	५०००
ख	रिसोलिङ	४२००
ग	मर्मत तथा पञ्चर	११००
घ	लेथ मेसिन श्रेणी क	१७००
ङ	लेथ मेसिन श्रेणी ख	१७००
च	पम्पसेट जेनेरेटर डिलर तथा मर्मत	१७००
४	**व्याट्री**	
क	विक्री	१७००
ख	मर्मत	११००
ग	बिक्री तथा मर्मत	२२००
५	**गोदाम घर**	५५००
६	**तौल पुल धर्मकाँटा**	३३००
२१	**विशेषज्ञ परामर्श सेवा**	
क	परामर्शदाता तथा सल्लाहाकार	५०००
ख	विदेशी अनुसन्धान तथा परामर्श कन्सल्ट्यान्सी	१००००
ग	स्वदेशी अनुसन्धान तथा परामर्श कन्टल्ट्यान्सी	७०००
घ	अनुसन्धान तथा परामर्श दाता सल्लाहाकार व्यक्ति	५०००
ङ	अन्तराष्ट्रिय गैर सरकारी संस्था दर्ता तथा नविकरण	१००००
च	स्वदेशी गैरसरकारी सँस्था दर्ता तथा नविकरण	७०००
छ	इन्जिनियर कन्टल्टेन्सी फर्म	२००००
ज	इन्जिनियर कन्ट्रल्टेन्सी फर्म नविकरण	१२०००
झ	वैदेशिक रोजगार परामर्श सेवा	१००००
ञ	शैक्षिक परामर्श सेवा	५०००
ट	अन्य परामर्श सेवा	५०००
ठ	कानून व्यवसायको ल फर्म	५०००
ड	लेखापरीक्षकको फर्म	५०००
ढ	कम्प्युटर एनालिष्ट तथा प्रोगामर	५०००
ण	विमा एजेन्ट	५०००
त	कृषी परामर्श सेवा	२०००
थ	केयर गिभर ट्रेनिङ एण्ड रिसर्च सेन्टर	५०००
२२	**जिप सफारी (प्रति गाडी)**	१००
२३	**कुनै व्यवसाय दर्तको प्रतिलिपीका लागि**	१००

अनूसुची - ८

जडीबुटी कवाडी र जीवजन्तु शुल्क

१. पालिका क्षेत्रभित्र उत्सर्जन भई निकासी हुने कवाडी माल/वस्तुमा देहाय बमोजिम कर लगाइनेछ ।

क्र.सं.	विवरण	व्याख्या	रकम रु
१	फलाम तथा फलामजन्य कवाडी	प्रति के.जी.	१
२	कागज कार्टुन तथा कागजजन्य कवाडी	प्रति के.जी.	१
३	तामा पित्तल पुरानो	प्रति के.जी.	३
४	व्याट्री पुरानो	प्रति के.जी.	२
५	सिल्भर तथा स्टील पुरानो	प्रति के.जी.	१
६	प्लाष्टिक कुर्चि भाँडाकुडा बोत्तल तथा अन्य	प्रति के.जी.	२
७	पुरानो टायर	प्रति के.जी.	१
८	सिसा वियर बोतल	प्रति गोटा	०.५
९	सिसा सानो क्वाटर तथा अन्य	प्रति गोटा	०.३५
१०	वोरा जुट तथा प्लाष्टिक	प्रति के.जी.	१
११	कानुनले बर्जित नगरेका हाड प्वाख सिङ खुर तथा अन्य छाला	प्रति के.जी.	२
१२	धानको भुस	प्रति ठुलो ट्रक	५००
१३	धानको भुस	प्रति सानो ट्रक	३००
१४	जलेको मोविल तथा तेलजन्य तरल	प्रति लिटर	०.५
१५	काठ चिरान तथा गोलिया	प्रति क्यु फुट	५
१६	दाउरा	प्रति के.जी.	१
१७	जडिबुटी उन प्वाख तथा अन्य	प्रति के.जी.	५
१८	कोइला तथा खरानी	प्रति के.जी.	०.५
१९	कनिका चोकर	प्रति के.जी.	१.५
२०	पुरानो कपडा टुक्रा	प्रति के.जी.	०.५
२१	अन्य सम्पूर्ण कवाडी जन्य सामाग्री	प्रति के.जी.	१
२२	जस्ता पाता टिन	प्रति के.जी.	१

२. यस अनूसुची अन्तर्गत थप वस्तुको शुल्क निर्धारण गरी राजस्व संकलन गर्नुपर्ने भएमा राजस्व परामर्श समितको सिफारिसमा प्रमुखबाट निर्णय गरी राजस्व संकलन गर्न सकिने छ ।

अनूसुची - ९

विज्ञापन करको दररेट

क्र.सं.	विवरण	दर रु. मा
क	**होडिङ वोर्डको बार्षिक**	
१	१२ वर्ग फिट सम्म	८००
२	सो भन्दा माथि ३० वर्ग फिट सम्म	१२००
३	सो भन्दा माथि प्रति वर्ग फिट	४०
ख	**भित्ते लेखन प्रति वर्गफिट**	५
ग	**व्यानर**	
१	१२ वर्ग फिट सम्म प्रति व्यानर	५०
२	१२ वर्ग फिट भन्दा वढी प्रति व्यानर	७५
घ	**पोलमा राख्ने वोर्ड**	
१	वढिमा ३ वर्गफिट सम्म प्रतिवोर्ड	७००
२	वढीमा ६ वर्गफिट सम्म प्रतिवोर्ड	१०००
ङ	**फ्लेक्स वोर्ड**	
१	१२ वर्ग फिट सम्म	८००
२	१२ वर्ग फिट भन्दा वढी	१२००
च	**एल.ई.डी. भिडियो डिस्प्ले वोर्ड प्रति वर्ग फिट**	८००

निजि सम्पत्ती भवन टहरा जग्गामा समेत विज्ञापन गरे वापत नगरपालिकाले कर लिन पाउने छ ।

आफ्नो व्यवसाय परिचयको लागि १५ वर्ग फिटसम्म १ थान होडिङबोर्ड वा २४ वर्गफिट सम्मको १ थान फ्लेक्स प्रिन्ट व्यवसायीले आफ्नो पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडीको भागमा राख्न पाउने छन् र १ भन्दा वढी राख्नु परेमा माथि तोकिएबमोजिम विज्ञापन कर सम्बन्धित व्यवसायीले बुझाउनुपर्ने छ ।

अनूसूची - १०

बहाल विटौरी शुल्क

क्र.सं.	विवरण	वार्षिक रकम रु.
क	**ग्रामिण आवास**	
१	कच्ची घर	५००
२	टिनले छाएको घर	१०००
३	ढलान घर प्रतिकोठा	४००
ख	**महेन्द्र राजमार्ग बाहिर मध्यम बस्ती**	

१	कच्ची घर	१०००
२	टिनले छाएको घर	१५००
३	पक्की घर प्रतिकोठा	५००
ग	**महेन्द्र राजमार्ग**	
१	कच्ची घर	२०००
२	टिनले छाएको घर	३०००
३	पक्की घर प्रतिकोठा	१०००
घ	**घर बहाल कर प्रयोजनको लागि बहाल दर**	
१	**राजमार्ग दायावाँया बजार आसपासका पक्की घरका सटर रजहर केउरेनी दलदले प्रगतीनगर धारापानी बजार जस्ता मुख्य चोक वजार आसपास क्षेत्रका**	
-	पक्की घर प्रति सटर न्युनतम	५०००
-	कच्ची घरको प्रति सटर न्युनतम	३०००
२	**राजमार्ग आसपास र भित्री सडकका भित्री कोठाहरु प्रति कोठा न्युनतम**	१५००
ङ	**होटल प्रतिष्ठान प्रति कटेज/कोठा**	१०००
बहाल दरको सम्बन्धमा कार्यपालिकाबाट कुनै नियम निर्देशिका/निर्णय भएमा सोहीबमोजिम हुने छ।		

अनूसुची - ११			
सेवा शुल्क तथा दस्तुर			
क्र.सं.	**विवरण**	**व्याख्या**	**रकम**
क	**सेवा शुल्क**		
१	सवारी पार्किङ शुल्क		५ प्रतिशत
ख	**दस्तुर**		
१	पन्जिकरण तर्फ व्यक्तिगत घटना दर्ता	३५ दिन भित्र	निशुल्क
		३५ दिन पछि	प्रचलित नियमानुसार
२	व्यक्तिगत घटना दर्ता प्रतिलिपी		प्रचलित नियमानुसार
३	व्यक्तिगत घटना दर्ता शंशोधन		१०००
ग	**सिफारिस तथा बक्सौनी दस्तुर**		
१	घरबाटो सिफारिस		१०००
२	चार किल्ला प्रमाणित सिफारिस		५००
३	जग्गा नामसारी सिफारिस		५००
४	मुद्धा निवेदन		१००
५	निजी काठको सिफारिस		३००
६	परिचयात्मक सिफारिस		५००
७	नागरिकता सिफारिस		१००
८	अंगिकृत नागरिकता सिफारिस		१०००
९	गैर आवासिय नागरिकता सिफारिस		१०००
१०	नाता प्रमाणित		५००
११	पारिवारिक विवरण पेन्सन प्रयोजन		५००
१२	नावालक सिफारिस		निशुल्क
१३	जन्ममिति प्रमाणित/जन्म प्रमाणित		५००
१४	बैवाहिक सम्बन्ध प्रमाणित		५००
१५	चारित्रिक प्रमाणित		५००
१६	आम्दानी प्रमाणित वैदेशिक प्रयोजन बाहेक		५००
१७	खानेपानी जडान/नामसारी/ठाउँसारी		१००
१८	विद्यूत जडान नामसारी/ठाउँसारी	घरायसी र साना उद्योग	५००
१९	विद्यूत जडान /नामसारी/ठाउँसारी	मझौला उद्योग	१०००
२०	विद्यूत जडान /नामसारी/ठाउँसारी	ठुला उद्योग	२०००
२१	घरगोठ काठ सार सिफारिस		१०००

२२	घरेलु उद्योगका लागि सिफारिस		१०००
२३	व्यवसायको नाम परिवर्तन		१५००
२४	व्यवसाय बन्द	संचालन भएको १ वर्ष भित्र	१५००
२५	व्यवसाय बन्द	संचालन भएको १ वर्ष पछि	५००
२६	व्यवसाय ठाउँसारी		१०००
२७	व्यवसाय नामसारी	एकाघर सदस्य	५००
२८	व्यवसाय नामसारी	विक्री पछि	१५००
२९	मदिरा व्यवसायको लागि सिफारिस	खुद्रा विक्री होटल	५००
३०	मदिरा व्यवसायको लागि सिफारिस	थोक विक्री होटल	१०००
३१	सर्जमिन दस्तुर		५००
३२	टेलिफोन नामसारी/ठाउँसारी		५००
३३	संचार सम्बन्धी विभिन्न सिफारिस		५००
३४	करचुक्ता सिफारिस		३००
३५	पूर्जामा फोटो टाँस सिफारिस/ लालपुर्जा प्रतिलिपीका लागि सिफारिस		३००
३६	फिल्ड वुक उतार		५००
३७	बाटो प्रमाणित		५००
३८	काठ आपुर्तिका लागि सिफारिस		३००
३९	बैदेशिक प्रयोजनका लागि पूँजी मुल्याङ्कन	प्रति हजारमा	०.७५
४०	बैदेशिक प्रयोजनका लागि आम्दानी प्रमाणित	२० लाख सम्म प्रति लाख	१००
४१	बैदेशिक प्रयोजनका लागि आम्दानी प्रमाणित	२० लाख भन्दा माथि प्रति लाख	१५०
४२	विपन्न सिफारिस		निशुल्क
४३	शिक्षक सरुवा सहमती सरुवा भई आउनेलाई	मा.वि.	२०००
४४	शिक्षक सरुवा सहमती सरुवा भई आउनेलाई	नि.मा.वि.	१५००
४५	शिक्षक सरुवा सहमती सरुवा भई आउनेलाई	प्रा.वि.	१०००
४६	सर्टिफिकेट ग्रेड सिट सच्चाएको		३००
४७	कक्षा थप दस्तुर	मा.वि.	१२०००
४८	कक्षा थप दस्तुर	आधारभुत ६-८	१००००
४९	कक्षा थप दस्तुर	आधरभुत १-५	८०००
५०	अन्य नेपालीमा गरिने साधारण सिफारिस		३००

५१	अन्य अंग्रेजीमा गरिने साधारण सिफारिस		५००
५२	अन्य नेपालीमा गरिने साधारण प्रमाणित सिफारिस		५००
५३	मुलुकी देवानी कार्यविधि २०७४ अनुसार लिखत प्रमाणित		२०००
५४	तिन पाङ्ग्रे सवारी साधन		
क	रुट प्रमिट लिन		१५००
ख	नवीकरण दस्तुर		१०००

अनूसुची - १२

विक्री तथा निकासी शुल्क

१. ऐनको दफा १५ उपदफा १ र २ बमोजिम बिक्री तथा निकासी शुल्क प्रदेश कानूनले तोकेबमोजिम हुनेछ ।

२. ऐनको दफा १५ उपदफा ३ बमोजिम बिक्री तथा निकासी शुल्क देहाय बमोजिम हुने छ ।

क्र.सं.	उद्योगको प्रकृति	उत्पादित हुने बस्तु	इकाइ	करको दर
१	क्रसर उद्योग	गिटि/रोडा/बालुवा	प्रति गाडी	३ घ.मी. सम्म रु १८०।- ३ घ. मी. भन्दा बढी रु ७४०।-
		चिप्स	प्रति गाडी	३ घ.मी. सम्म रु २६५।- ३ घ. मी. भन्दा बढी रु १०५०।-
२	इट्टा उद्योग	ईटा	प्रति गोटा	रु. ०.२५
		माटो	प्रति घ.फि.	रु.२।-
३	व्लक तथा सिमेन्ट पोल उद्योग	ब्लक	प्रति गोटा	रु. २।-
		मोजाइक टायल		रु. ०.५०
		घेराबार पोल		रु. ०.५०
		घरगोठ पोल		रु. १.५०
		रिङ्ग		रु. १०।-
		विद्युत पोल		रु. १०।-
४	ह्युम पाइप उद्योग	ह्युम पाइप	प्रति गोटा	३० MM को रु २५।-
				४५ MM को रु ३५।-
				६० MM को रु ४५।-
				९० MM को रु ६०।-
				९० MM भन्दा माथी रु १००।-
५	पानी प्रसोधन उद्योग	प्रशोधित पानी	बोटल/जार	१ लि. रु ०.२५
				प्रति जार रु.२।-

अनुसुची - १३

नक्सा पास दस्तुर

क्र.सं.	विवरण	दर प्रति वर्ग फुट
१	जमिन तला क	८
२	जमिन तला ख	७
३	जमिन तला ग	६
४	पहिलो तला क	९
५	पहिलो तला ख	८
६	पहिलो तला ग	७
७	दोश्रो तला क	१०
८	दोश्रो तला ख	९
९	दोश्रो तला ग	८
१०	सो भन्दा माथी क्रमश बढ्दै जाने छ।	
११	औधोगिक/व्यवसायिक ट्रस भवन	८
१२	आवासिय ट्रस भवन/कृषी/पशु/ व्यवसायका लागि	५
१३	नक्सा निवेदन किताब	रु. ५००।-
१४	नक्सा नामसारी दस्तुर	रु. २५००।-
१५	निर्माण सम्पन्न प्रतिलिपी दस्तुर	रु. १५००।-
१६	निर्माण सम्पन्न सिफारिस जग्गामा घर भएको	रु. ५००।-
१७	नक्सा पास जरिवाना स्थानीय सरकार सञ्चालन ऐन तथा निर्देशिकाले तोकिए बमोजिम हुने छ।	
१८	म्याद थप दस्तुर	५ प्रतिशत
१९	मापदण्ड पुरा नगरी मिति २०७९।०२।१६ गते भन्दा अगाडी वनाइएका आर.सी.सी घरहरुका लागि नगरपालिकाबाट खटिएका प्राविधिकको स्थलगत प्रतिवेदनका आधारमा माथि तोकिएको राजस्व लाग्ने छ।	
२०	नगर क्षेत्र भित्र बनेका कच्ची घर तथा टहराहरुको हकमा ५०० वर्ग फुट सम्मका घरहरुका लागि रु ५००।- १००० वर्गफुट सम्मका घरहरुका लागि रु १०००।- र १००० वर्गफुट भन्दा माथिका घरहरुका लागि रु १ ५००।- राजस्व लाग्ने छ।	
२१	सरकारी सार्वजनिक सरोकारका सामुदायिक भवनहरुको नक्सा पास गर्ने व्यवस्थालाई अनिवार्य गराउने गरी त्यस्ता भवनहरुमा लाग्ने नक्सा पास दस्तुरको हकमा	दरखास्त दस्तुर बाहेक सवै निशुल्क
२२	पीच सडकमा विना इजाजत व्यक्तिगत निर्माण सामाग्री थुपारी बाटो सागुरो पारी सवारी साधन आवागमनमा अवरोध गरेमा	पहिलो पटकका लागि २५००।- पटक पटक गरेमा दोव्वर जरिवाना लाग्ने छ।

अनूसुची - १४

फोहोरमैला संकलन तथा व्यवस्थापन शुल्क

क्र. स.	विवरण	दस्तुर	न्यूनतम पटक प्रति महिना	कैफियत
१	घरधुरी	न्यूनतत ५०	२ पटक	२ पटक भन्दा बढी भएमा रु २५ का दरले बढ्दै जाने
२	साना पसल तथा रेष्टुरेन्ट(रष्टुरेन्ट, किराना ठेला पुस्तक फेन्सी लगायतका पसल)	न्यूनतम १५०	२ पटक	२ पटक भन्दा बढी भएमा रु २५ का दरले बढ्दै जाने
३	ठुला होटल रेष्टुरेन्ट। व्यावसायिक तथा सार्वजनिक केन्द्रहरु	न्यूनतम ३००	२ पटक	प्रति पटक ५० को दरले बढ्दै जाने
४	औषधि पसल	न्यूनतम १५०	२ पटक	प्रति पटक २५ को दरले बढ्दै जाने
५	अस्पताल नर्सिङ होम	न्यूनतम ५००	२ पटक	प्रति पटक १०० को दरले बढ्दै जाने
६	तरकारी तथा फलफूल पसल	न्यूनतम २००	२ पटक	प्रति पटक ५० को दरले बढ्दै जाने
७	साना उद्योग धन्दा	न्यूनतम २००	२ पटक	प्रति पटक ५० को दरले बढ्दै जाने
८	मझौला उद्योग	न्यूनतम ५००	२ पटक	प्रतिपटक १०० को दरले बढ्दै जाने
१०	ठूला उद्योग	न्यूनतम २०००	२ पटक	प्रतिपटक ५०० को दरले बढ्दै जाने (आफ्नो उद्योग बाट फोहोरमौला व्यवस्थापन गर्ने ठाँउ सम्म स्वयम उद्योगलेनै ढुवानी गर्नु पर्नेछ)
११	मासु पसल	न्यूनतम २००	२ पटक	प्रतिपटक ५० को दरले बढ्दै जाने

आज्ञाले

मुकुन्द शर्मा

प्रमुख प्रशासकीय अधिकृत